# श्री स्याङ्जा जिल्ला अदालतवाट जारी भएको

## सूचना

## सूचना प्रकाशित मिति २०७६।०१।०३

**विषयः-दसीका जिन्सी सामान फिर्ता लिन आउने वारेको अत्यन्त जरुरी सूचना।**

उपरोक्त सम्वन्धमा विभिन्न मुद्दाहरुमा यस अदालतमा दशीको रुपमा वा अदालतमा मुद्दामा पेश भई जिन्सीमा आम्दानी वाँधिएका मालसामानको जिन्सी व्यवस्थापन गर्नुपर्ने भएकोले कानून र अदालतको अन्तिम फैसलाले फिर्ता दिने ठहर भएको , फैसलामा केही उल्लेख नभएको, धनी पत्ता नलागेको तथा जफतको दावी समेत नभएका मालसामानहरु फिर्ता लैजान चाहने मालधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र प्रमाण सहित फिर्ता लिन यस अदालतमा आउनुहोला फिर्ता लिन नआए उल्लेखित अवधी पछी उक्त मालसामान कानून वमोजिम लिलाम बिक्री गरिने हुदा जिल्ला अदालत नियमावली , २०७५ को नियम ९२(१) को प्रयोजनको लागी मिति २०७६।०१।०३ को निर्णय वमोजिम यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सप्रमाण आ-आफ्नो सामान फिर्ता लिन आउनुहोला। ७ दिनभित्र फिर्ता लिन नआएमा नियम ९२(२) वमोजिम लिलाम प्रकृया अगाडी वढाइ लिलाम गरिनेछ। लिलाम भै सकेपछी मेरो मालसामान लिलाम हुनुपर्ने होइन भन्ने कुनै उजुरवाजुर लाग्ने छैन।